## मिति २०८०।०४।२२ गते बसेको निस्दी गाउँ कार्यपालिकाको ३८ औं बैठकका निर्णयहरु

१. प्रस्ताब नं १ माथि छलफल गर्दा आ.व २०७९।०८० को बार्षिक बजेट कार्यान्वयनको समीक्षा तथा उपलब्धी, सार्वजनिक सेवा प्रवाहको अवस्थाको सम्वन्धमा समिक्षा गरियो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा आ.व २०७९।८० को प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई मिति २०८०।०४।३१ गते दिनको १ बजे आयोजना गर्ने निर्णय गरियो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा मिति २०८०।०४।१७ गतेको गाउँ शिक्षा समितीको निर्णय माथि छलफल गरि निर्णय अनुमोदन गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा आगामी आ.व २०८०।०८१ को बार्षिक बजेट नीति तथा कार्यक्रम कार्यान्वयनका लागि तपशिल अनुसारको समयबद्ध योजना अनुसार काम गर्ने निर्णय गरियो ।

तपशिल

| पहिलो चौमासिक | दास्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|
| कर्मचारी तालिम, लागत अनुमान तयारी, ठेक्का आह्वान, टोल विकास संस्था गठन तथा दर्ता, उपभोक्ता समिति गठन, आयोजना सम्झौता, सार्वजनिक सुनवाइ, करार कर्मचारी पदपूर्ति, विद्यालय अनुगमन, खरिद योजना स्वीकृति | एकिकृत घुम्ती शिविर संचालन, योजना सम्झौता, अनुगमन तथा फरफारक, लक्षित वर्ग कार्यक्रम संचालन, खेलकुद, सार्वजनिक सुनवाइ, विद्यालय अनुगमन, कर शिक्षा कार्यक्रम संचालन, विद्यालय पूर्वाधार निर्माण र शैक्षिक सामग्री खरिद | योजना अनुगमन तथा फरफारक, बजेट तयारी, घुम्ति शिविर संचालन, प्रतिवेदन,सार्वजनिक सुनवाइ, विद्यालय अनुगमन, विद्यालय पूर्वाधार निर्माण र शैक्षिक सामग्री खरिद |

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा चालु आ.व २०८०।०८१ मा नदिजन्य पदार्थको आय ठेक्का कार्यालयले पेश संलग्न गरेको परिमाण र मूल्य अनुसार ६ वटा घाटहरुको छुट्टाछुट्टै गरी विद्युतीय बोलपत्रका माध्यमबाट ३० दिनको समय दिइ आह्वान गर्ने, विशेष अनुदान अन्तरगत वडा नं ७ ज्यामीरेको स्वास्थ्य चौकी भवन निर्माण र राइकोट खानेपानी आयोजनाको ठेक्का आह्वान सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा गत आ.व. २०७९।०८० मा गरिएको बिज्ञापनमा रहेको करार कर्मचारीको पदपूर्ति कार्यका साथै गाउँपालिकाको स्वीकृत दरवन्दीमा रिक्त रहेको कृषि स्नातक, हलुका सवारी चालकको परीक्षा भाद्र महीनामा संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा निस्दी कृषि तथा पशु उधमशिलता परियोजनाका लागि तयार गरिएको लागत अनुमान स्वीकृत गरी गैरसरकारी संस्था सँगको लागत साझेदारीमा उक्त परियोजना बहु-बर्षिय रुपमा कार्यान्वयन गर्न आशय पत्र आह्वानको सूचना प्रकाशन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सेवा करारबाट इन्जिनियरिङ्ग परामर्श सेवा लिनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

९. प्रस्ताब नं ९ माथि छलफल गर्दा पशु सेवा शाखालाई लम्पी स्किन रोग विरुद्धको खोप लगाउनका लागि भ्याक्सीनेटर पारिश्रमिक वापतको रकम प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताब नं १० माथि छलफल गर्दा गै.स.स.जन विकास तथा परिचालन केन्द्र नेपाललाई यस गाउँपालिका अन्तरगत एकिकृत पोषण कार्यक्रम संचालनका लागि प्रारम्भिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

११. प्रस्ताब नं ११ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश हुन आएको आ.व.२०७९।०८० मा भूक्तानी दिन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको विवरण (संलग्न म.ले.प.फा.नं. २२१) लाई स्वीकृत गरी चालू आ.व.०८०।८१ मा भुक्तानी दिनका लागि कार्यालयलाई अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

१२. प्रस्ताब नं १२ माथि छलफल गर्दा यस निस्दी गाउँपालिका वडा नं ४ मा निर्माणाधिन रहेको १५ शैया अस्पतालको प्रगति प्रतिवेदन तथा आगामी कार्यतालिका यस कार्यपालिका समक्ष पेश गरि प्रगति समीक्षा गरियो ।

१३. प्रस्ताव नं १२ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश हुन आएको आ.व. २०८०।०८१ को लागि खानेपानी तर्फको जिल्ला दररेटमा नभएका आइटमहरुको दर रेटलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

मिति २०८०।०४।२२ गतेको कार्यपालिका बैठकका निर्णय प्रमाणित ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

०८०।४।२५